# प्रकाशकीय

संघीयताको सफल कार्यान्वयन र संक्रमणकालको अन्त्यसँगै "मध्य नेपालको सुन्दर सहर, समृद्ध र सु-संस्कृत भरतपुर महानगर" भन्ने दीर्घकालीन सोचका साथ भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम चौथो नगरसभाबाट पारित भएको छ । नागरिकको सबैभन्दा नजिकको सरकारबाट प्रदान गरिएको सेवा नै छिटो, छरितो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूल मर्म अनुरुप नीति, कानुन तथा योजना बनाउने र कार्यान्वयन गर्ने काम स्थानीय स्तरमै हुने भएकाले भरतपुर महानगरपालिकाको समग्र विकासमा सर्वसाधारणले नै महसुस गर्ने गरी उल्लेख्य सुधारका कामहरु शुरु भएका छन् ।

छरितो प्रशासनको माध्यमबाट सूचना प्रविधिमा आधारित चुस्त सेवाप्रवाह, जनसहभागिता मार्फत गुणस्तरीय पूर्वाधार निर्माण, आर्थिक क्रियाकलापमा बढोत्तरी, उत्पादन वृद्धिमा प्रोत्साहन र सामाजिक पूर्वाधारमा लगानी जस्ता कार्यक्रम यस आर्थिक वर्षमा महानगरपालिकाका प्राथमिकतामा परेका विषय हुन् ।

आ. व. २०७६/७७ को लागि प्राथमिकताका क्षेत्रहरू क्रमशः सुशासन र संस्थागत विकासमा १४.६५ प्रतिशत, पूर्वाधार विकासमा १४.१५ प्रतिशत, आर्थिक विकासका क्षेत्र (कृषि तथा पशुपंक्षी, सहकारी, पर्यटन र उद्योग लगायत) ५.६३ प्रतिशत, सामाजिक विकासका क्षेत्र (शिक्षा, स्वास्थ्य) ५.१२ प्रतिशत, वातावरण तथा सरसफाई र विपद् व्यवस्थापन तर्फ २.५६ प्रतिशत र कमजोर वर्गको सवलीकरणको लागि १.२८ प्रतिशत विनियोजन गरिएको छ । यसका साथै वडाबाट नै प्रत्यक्ष कार्यान्वयन हुने गरी समानुपातिक वितरणको बजेट १०.०५ प्रतिशत विनियोजन गरिएको छ।

यस आर्थिक वर्षबाट संघीय, प्रादेशिक एवं स्थानीय बजेट खर्च गरी निर्माण गर्नेगरी अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला, महानगरीय सिटीहल निर्माण, अत्याधुनिक पशु बधशाला, बहुतले प्रशासनिक भवन निर्माण जस्ता बहुवर्षीय आयोजनाहरूलाई महानगरीय गौरवका आयोजनाका रुपमा राखिएको छ । आर्थिक वर्ष २०७६/७७ का चालु एवं पूँजीगत कार्यक्रमहरूलाई महा/शाखागत, नगरस्तरीय र वडास्तरीय आयोजना विभाजन गरी यो पुस्तिका तयार गरिएको छ । महानगरको दीर्घकालीन सोचलाई पूर्णता दिन तथा देशकै नमूना महानगर बनाउने दिशामा प्रस्तुत कार्यक्रमहरू कोशेढुङ्गा सावित हुनेछन् भन्ने विश्वास लिइएको छ ।

अन्त्यमा, महानगरका समग्र योजना तथा कार्यक्रम एवं यो पुस्तिका तयार गर्न महानगरलाई महत्वपूर्ण सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने संघ, प्रदेश र स्थानीय तहका राजनीतिक नेतृत्व, नगर सभा सदस्य, विभिन्न क्षेत्रका विज्ञ, कर्मचारी, आम नगरवासी तथा सम्पूर्ण सरोकारवाला प्रति आभार प्रकट गर्दै यसको सफल कार्यान्वयनमा समेत यहाँहरुको निरन्तर साथ र सहयोगको अपेक्षा गरेका छौं ।

भरतपुर महानगरपालिका ।

# आर्थिक ऐन, २०७६ मा भएको जरिवाना सम्बन्धी व्यवस्था

| | | | | |
|---|---|---|---|---|
| ५.९ | **जरिवाना सम्बन्धी** | | | |
| ५.९.१ | फोहरमैला व्यवस्थापनमा असर पार्ने कार्यहरु (प्रतिपटक) | पहिलो पटक(रु) | दोस्रो पटक(रु) | तेस्रो पटक वा बढी गर्ने (रु) |
| | तोकिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने | ५,०००।- | १०,०००।- | १५,०००।- |
| | सार्वजनिक यातायातमा डस्टविन नराख्ने | १,०००।- | २,०००।- | ५,०००।- |
| | कण्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरमैला अनाधिकृत तवरले प्रयोग गर्ने | १,०००।- | २,०००।- | ५,०००।- |
| | कण्टेनर तोडफोड गर्ने, क्षति नोक्सानी पुऱ्याउने वा राखिएको स्थानबाट हटाउने | क्षतिको अवस्थाको आधारमा प्रमुखबाट निर्णय गराई पचासहजार सम्म जरिवाना र क्षति वापतको रकम समेत असुल गरिनेछ। | | |
| | अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने | १५,०००।- | २५,०००।- | ५०,०००।- र रोक लगाउने |
| | फोहोरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाँउमा हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने | ५,०००।- | १०,०००।- | १५,०००।- |
| | सडक वा सार्वजनिक स्थानमा फोहर फाल्ने वा थुपार्ने | ५,०००।- | १०,०००।- | १५,०००।- |
| | फोहरबाट निस्केको दुषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा वा सडक एवं सार्वजनिक स्थान प्रदुषित गराउने | ५,०००।- | १०,०००।- | १५,०००।- |
| | सतही ढलमा शौचालय ढल मिसाउने | १०,०००।- | १५,०००।- | २०,०००।- |
| | जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थानमा हानिकारक वस्तु वा फोहर थुपार्ने, | ३०,०००।- | ४०,०००।- | ५०,०००।- |
| | खुला रुपमा प्लाष्टिक जन्य पदार्थ बाल्ने | १०,०००।- | १५,०००।- | २०,०००।- |
| | स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी मिसाएर निष्कासन गर्ने | प्रतिपटक रु ५०० | | |
| | मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल सडक गल्ली चोकमा राख्ने फाल्ने वा थुपार्ने | ५,०००।- | १०,०००।- | १५,०००।- |
| | गाई वस्तु छाडा छोड्ने | प्रति पटक ५,०००।- | | |
| | फोहोरमैला व्यवस्थापनमा असर पर्ने ढुवानी तथा व्यवस्थापन सम्बन्धी फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा ३८ बमोजिमका अन्य कसुर गरेमा सोही ऐनको दफा ३९ बमोजिम कसुर हेरी महानगरपालिका आफैं वा सम्बन्धित निकायसँग समन्वय गरी जरिवाना गरिनेछ। | | | |
| ५.९.२ | तोकिए भन्दा बाहेकको क्षेत्रमा अनुमति नलिई विज्ञापन सामग्री राख्ने | ५,०००।- | १०,०००।- | १५,०००।- |
| ५.९.३ | फुटपाथमा पसल र व्यापारिक सामग्री राख्ने (सामान जफत समेत) | ५,००० ।- | १०,००० ।- | १५,०००।- (व्यवसाय इजाजत भए रद्द समेत गरिने) |
| ५.९.४ | फुटपाथ र सडकमा निर्माण सामग्री राख्ने, सडकमा छतको पानी खसाल्ने | ५,०००।- | १०,०००।- | १५,०००।- |
| **५.९.५** | **निषेधित क्षेत्रमा पार्किङ्ग गर्ने** | | | |
| | दुई पाङ्ग्रे | ५००।- | १,०००।- | २,०००।- |
| | तीन पाङ्ग्रे | ५००।- | १,०००।- | २,०००।- |
| | चार पाङ्ग्रे साना सवारी साधन (कार, जीप, भ्यान, माइक्रो लगायत) | २,०००।- | ३,०००।- | ५,०००।- |
| | चार पाङ्ग्रे हेभी सवारी साधन (बस, ट्रक, ट्रिपर लगायत) | ५,०००।- | १०,०००।- | १५,०००।- |
| ५.९.६ | **अनावश्यक हर्न बजाउने (ट्राफिक कार्यालयसँगको समन्वयमा)** | प्रतिपटक (रु) १०००।- | | |
| ५.९.७ | **ठेला जरिवाना निषेध गरिएको स्थानमा राखेमा** | | | |
| | पहिलो पटक | | | ५००।- |
| | दोस्रो पटक | | | १,०००।- |
| | तेस्रो पटक | | | २,०००।- |
| | चौथो पटकमा जफत गरी नम्बर खारेज गर्ने | जफत गरी नम्बर खारेज गर्ने | | |
| | नम्बर नभएका ठेला पहिलो पटक १५ दिनपछि दिने गरी | | | १,०००।- |
| | नम्बर नभएका ठेला दोस्रो पटक | | | जफत |

# विषयसूची


| सि. नं. | विषय | पेज नं. |
|---|---|---|
| १) | विनियोजन ऐन, २०७६ | १ |
| २) | अनुसूची- १ : आय व्ययको विवरण | २ |
| ३) | अनुसूची- २ : क्रियाकलापगत व्यय अनुमान | |
| क) | नगरस्तरीय आयोजना | ३- |
| | १) पूर्वाधार विकास | ३-१० |
| | २) वातावरण तथा विपद् व्यवस्थापन | ११-१५ |
| | ३) कृषि | १६-२० |
| | ४) पशु सेवा विकास कार्यक्रम | २१-२८ |
| | ५) सहकारी | २९-३१ |
| | ६) पर्यटन तथा उद्योग क्षेत्रको कार्यक्रम | ३२-३६ |
| | ७) शिक्षा | ३७-४१ |
| | ८) स्वास्थ | ४२-४६ |
| | ९) युवा तथा खेलकुद | ४७-४८ |
| | १०) कमजोरपक्षको सवलीकरण | ४९-५७ |
| | ११) राजश्व व्यवस्थापन तथा शासकीय सुधार | ५८-५९ |
| | १२) संस्थागत विकास तथा सुशासन | ६०-६१ |
| | १३) महानगरपालिका प्रशासनिक खर्च | ६२-६४ |
| ख) | वडास्तरीय आयोजना | ६५-१६१ |
| | १) वडा नं. १ | ६५-६७ |
| | २) वडा नं. २ | ६८-७१ |
| | ३) वडा नं. ३ | ७२-७४ |
| | ४) वडा नं. ४ | ७५-७९ |
| | ५) वडा नं. ५ | ८०-८३ |
| | ६) वडा नं. ६ | ८४-८६ |
| | ७) वडा नं. ७ | ८७-८९ |
| | ८) वडा नं. ८ | ९०-९२ |
| | ९) वडा नं. ९ | ९३-९४ |

| सि. नं. | विषय | पेज नं. |
|---|---|---|
| | १०) वडा नं. १० | ९५-९८ |
| | ११) वडा नं. ११ | ९९-१०१ |
| | १२) वडा नं. १२ | १०२-१०३ |
| | १३) वडा नं. १३ | १०४-१०६ |
| | १४) वडा नं. १४ | १०७-१११ |
| | १५) वडा नं. १५ | ११२-११६ |
| | १६) वडा नं. १६ | ११७-११८ |
| | १७) वडा नं. १७ | ११९-१२१ |
| | १८) वडा नं. १८ | १२२-१२५ |
| | १९) वडा नं. १९ | १२६-१३० |
| | २०) वडा नं. २० | १३१-१३२ |
| | २१) वडा नं. २१ | १३३-१३४ |
| | २२) वडा नं. २२ | १३५-१३७ |
| | २३) वडा नं. २३ | १३८-१४० |
| | २४) वडा नं. २४ | १४१-१४४ |
| | २५) वडा नं. २५ | १४५-१४७ |
| | २६) वडा नं. २६ | १४८-१५० |
| | २७) वडा नं. २७ | १५१-१५४ |
| | २८) वडा नं. २८ | १५५-१५८ |
| | २९) वडा नं. २९ | १५९-१६१ |
| ४) | संघीय र प्रदेश सरकार सशर्त अनुदान | १६२-१४७ |
| | १) संघीय सरकार सशर्त अनुदान | १६२-१७३ |
| | २) प्रदेश सरकार सशर्त अनुदान | १७४ |
| ५) | महानगरीय गौरवका आयोजनाको सूची | १७५ |
| ६) | DPR भएका आयोजनाको सूची | १७६ |
| ७) | संघ र प्रदेश सरकारसँग माग हुने आयोजनाको सूची | १७७-२०४ |
| ८) | गैरसरकारी संस्थाको विवरण | २०५-२०६ |